भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५१औं बैठकको निर्णयहरु
मिति : २०८२/११/११

**प्रस्तावहरु :**

१) कृषि उपज बजार केन्द्र स्थापनाका लागि खरिद प्रक्रिया अगाडि बढाउने सम्वन्धमा ।

२) वडा नं. ५ स्थित मथानीको शहरी स्वास्थ्य केन्द्र भवन निर्माण सम्वन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १ :** भीमेश्वर नगरपालिका वडा नं. ३ कृषि बजारमा कृषि उपज बजार केन्द्र स्थापनाका लागि कार्यालयले तयार पारेको लागत अनुमान भ्याट र कन्टिनजेन्सी सहित रु. १,५१,६७,८१४/९९ स्वीकृत गरी उक्त कार्यका लागि ठेक्का मार्फत खरिद प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. २ :** वडा नं. ५ मथानिको शहरी स्वास्थ्य केन्द्र मर्मत सम्भारमा रु १९,८५,०००/- र नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट वित्तीय हस्तान्तरण मार्फत वडा नं. ५ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि रु ३८,००,०००/- विनियोजन भएकोमा भीमेश्वर नगरपालिका वडा नं. ५, साउने पानी सहरी स्वास्थ्य केन्द्रको नाममा रहेको जग्गामा "वडा नं. ५ मथानिको शहरी स्वास्थ्य केन्द्र भवन निर्माण" गर्न कार्यालयले तयार पारेको लागत अनुमान भ्याट सहित रु. ६१,२७,७०५/७३ स्वीकृत गरी उक्त कार्यका लागि ठेक्का मार्फत खरिद प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।